# शिवराज राजपत्र

शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०  संख्याः १२  मितिः २०८३।०४।१४


**भाग - २**

## शिवराज नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि,२०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"शिवराज नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि,२०८३"** बनाई लागू गरेको छ ।

# शिवराज नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि,२०८३

*नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०८३/०३/०८*

**प्रस्तावनाः**

शिवराज नगरपालिका भित्रका सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले नगरपालिकाले नेपालको संविधान, २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र जनस्वास्थ्य सेवा नियमावली, २०७७ अनुसार १५ शैया सम्मका अस्पातल/नगर अस्पतालहरू स्थानीय तहले आफै स्थापना गर्न तथा सञ्चालन गर्न सक्ने अधिकारलाई समुचित कार्यान्वयन गर्न, आधारभूत स्वास्थ्य सेवा लाई सहज, प्रभावकारी, व्यवस्थित र गुणस्तरीय बनाउन वाञ्छनीय भएकोले,

शिवराज नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम “शिवराज नगरपालिका नगर अस्पताल सञ्चालन कार्यविधि,२०८३ रहेको छ ।

ख) यो कार्यविधि शिवराज नगरपालिकाको राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **“अस्पताल निर्देशक”** भन्नाले नगर अस्पतालका कार्यकारी प्रमुखलाई सम्झनुपर्छ ।

ख) **“आधारभूत स्वास्थ्य सेवा”** भन्नाले आम नागरिकको स्वास्थ्य सेवा आवश्यकता पूर्तिका लागि सरकारबाट सुलभ र निःशुल्क रूपमा उपलब्ध हुने स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

ग) **“कार्यपालिका”** भन्नाले शिवराज नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ ।

घ) **“नगरपालिका”** भन्नाले शिवराज नगरपालिकालाई सम्झनुपर्छ ।

ङ) **“नगर अस्पताल”** भन्नाले शिवराज नगरपालिकाले सञ्चालन गरेको आधारभूत स्वास्थ्य सेवा अस्पताल सम्झनुपर्छ ।

च) **“नगर अस्पताल सञ्चालन समिति”** भन्नाले शिवराज नगरपालिकाद्वारा सञ्चालन गरेको नगर अस्पताल सञ्चालन समितिलाई सम्झनुपर्छ ।

छ) **“नगर प्रमुख”** भन्नाले शिवराज नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

ज) **“नगर उपप्रमुख”** भन्नाले शिवराज नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

झ) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले शिवराज नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ञ) **"परामर्श समिति"** भन्नाले कार्यपालिकाले नगर अस्पताल सञ्चालन र विकासका लागि आवश्यकता अनुरूप गठन गरेको सल्लाहकार समिति वा परामर्श समितिलाई सम्झनुपर्छ। सो समितिको कार्यक्षेत्र तोके बमोजिम हुनेछ।

**३. नगर अस्पताल सञ्चालन समितिको गठन :**

**३.१ गठन प्रक्रियाः**

क) शिवराज नगरपालिका अस्पताल सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको संचालन समितिको गठन हुनेछ।

- नगर प्रमुख - अध्यक्ष
- नगर उपप्रमुख - उपाध्यक्ष
- प्रमुख प्रशासकीय अधिकृत - सदस्य
- नगर कार्यपालिका सदस्यहरू मध्येबाट कार्यपालिकाले मनोनयन गरेको १ जना - सदस्य
- नगर अस्पताल रहेको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
- नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य
- स्वास्थ्य क्षेत्रका विज्ञहरू मध्येबाट कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना - सदस्य
- नगरसभा सदस्यहरू मध्येबाट कार्यपालिकाले मनोनयन गरेको १ सदस्य - सदस्य
- अस्पताल प्रमुख - सदस्य
- नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य-सचिव

ख) समितिले आवश्यक ठानेमा कुनै विषय विज्ञलाई वा कुनै संस्थाको प्रतिनिधिलाई समितिमा आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

**३.२ नगर अस्पताल सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) अस्पतालमा जनशक्ति व्यवस्थापन तथा बजेट व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सुझाव दिने।

ख) उपलब्ध भौतिक सम्पत्ति (घर, जग्गा, खानेपानी, शौचालय, बिजुली, फर्निचर) अदिको संरक्षण गर्ने गराउने।

ग) अस्पतालमा संचालित आकस्मिक स्वास्थ्य सेवालाई थप व्यवस्थित गराउने।

घ) अस्पताल सञ्चालनका लागि चाहिने आवश्यक कार्यविधि, निर्देशिका बनाउने।

ङ) नगर अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति आवश्यक परेमा नगरपालिका समक्ष माग गर्ने।

च) समितीमा निहित अधिकार अन्य समिति उपसमिति, स्वास्थ्य शाखा प्रमुखलाई तोकिएको शर्तको आधिनमा रही प्रयोग गर्न सक्ने छ ।

छ) प्रत्येक आर्थिक बर्षका लागि बजेट तथा कार्यक्रम तयार पारी स्वीकृतिको लागि कार्यपालिकामा पठाउने ।

ज) नगरपालिका मातहत अन्य स्वास्थ्य संस्थाहरू तथा नगर अस्पताल बिचको सहकार्य, जनशक्ति अदानप्रदान र व्यवस्थापनलाई सहजीकरण गर्ने ।

झ) अस्पतालका लागि आवश्यक दरबन्दी प्रस्ताव गरी स्वीकृतका लागि कार्यपालिकामा सिफारिस गरी पठाउने ।

ञ) अस्पताल निर्देशकको छनोटका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

ट) अस्पतालको वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने ।

ठ) नगरपालिकाले तोकेको अन्य कार्यहरू गर्ने ।

**४. परामर्श समिति :**

क) अस्पताल सञ्चालनका विषयमा आवश्यक राय, सुझाव दिने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यक विज्ञहरू सम्मिलित एक परामर्श समिति गठन गर्न सक्ने छ ।

ख) परामर्श समितिले अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि सञ्चालन समितिलाई आवश्यक सुझाव एवं निर्देशन दिन सक्नेछ ।

ग) कार्यपालिका र अस्पताल सञ्चालन समितिका बिचमा समन्वयात्मक कार्य गर्नेछ ।

**५. अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) बैठकको अध्यक्षता गर्ने,

ख) अस्पताल निर्देशक तथा मातहतका कर्मचारीलाई आवश्यक निर्देशन दिने,

ग) आवश्यक कार्यक्रम तथा योजना तर्जुमा गर्न निर्देशन दिने,

घ) नगर अस्पतालको वृहत्तर संस्थागत हित र विकासमा आवश्यक समन्वय गर्ने ।

ङ) सञ्चालक समितिको बैठकको माइन्युट प्रमाणीकरण गर्ने ।

**६. उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) अध्यक्षको अनुपस्थिमा बैठकको अध्यक्षता गर्ने तथा अध्यक्षले गर्ने कार्य गर्ने ।

ख) विभिन्न निकाय, सरोकारवाला संघसंस्था, स्वास्थ्य परामर्श समिति तथा नगरपालिका बिचको समन्वयात्मक नेतृत्व गर्ने ।

ग) अनुगमन, मूल्याङ्कन, अभिलेख परीक्षणको संयोजकको भूमिका निर्वाह गर्ने ।

**७. सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) अध्यक्ष एवं समितिले दिएको जिम्मेवारी पूरा गर्ने,

ख) संस्थागत हित र विकासको लागि आवश्यक कार्य गर्ने,

ग) विभिन्न समितिहरूमा बसी नगर अस्पतालको नीति निर्माणमा सहयोग गर्ने,

घ) बैठक सञ्चालन कार्यविधि पालना गर्ने,

ङ) नियमित बैठकमा उपस्थित हुने,

**८. अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

क) बैठकको निर्णय लेख्ने र पदाधिकारीबाट प्रमाणीकरण गराउने,

ख) पूर्ण रूपमा अस्पताल सञ्चालन गर्ने,

ग) अस्पतालको दैनिक प्रशासनिक कार्य गर्ने,

घ) अभिलेख सुरक्षित/व्यवस्थित राख्ने,

ङ) अध्यक्षको आदेशानुसार बैठक बोलाउने,

च) स्वीकृत दरबन्दीको परिधिभित्र रही प्रचलित कानून अनुसार प्रक्रिया पूरा गरी कर्मचारी व्यवस्थापनका लागि सञ्लालक समिति समक्ष पेश गर्ने,

**९. अस्पताल निर्देशकको योग्यता :** अस्पताल निर्देशकको योग्यता देहाय बमोजिम हुनेछ।

क) नेपाली नागरिक,

ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस. कोर्स उतिर्ण,

ग) नेपाल मेडिकल काउन्सिलमा चिकित्सकको रूपमा दर्ता भएको,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

ङ) कुनै राजनीतिक दलको सदस्यता नलिएको।

**१०. समितिको बैठक :**

सञ्चालक समितिको बैठक कम्तीमा महिनाको १ पटक बस्नेछ र आवश्यकतानुसार अन्य समयमा पनि बस्न सक्नेछ।

**११. अनुगमन तथा मूल्यांकन :**

नगर अस्पताल सञ्चालक समितिको उपाध्यक्षको संयोजकत्वमा एक ३ सदस्यीय अनुगमन तथा मूल्यांकन समिति गठन हुनेछ र दुइ जना सदस्य सञ्चालक समिति भन्दा बाहिरका सम्बन्धित विज्ञ सञ्चालक समितिले मनोनयन गर्नेछ। उक्त समितिले अस्पतालको नियमित अनुगमन, मूल्यांकन गर्नेछ।

**१२. पदावधि :**

क) नगर अस्पताल सञ्चालन समितिको पूर्ण कार्यकाल ५ वर्षको हुनेछ।

ख) कुनै कारणवश पदाधिकारी आफ्नो बहाल नरहेमा समितिको सदस्यबाट स्वतः हट्नेछ।

ग) मनोनित सदस्यहरूले आफ्नो जिम्मेवारी पूरा नगरेको देखिएमा कार्यपालिकाले जुनसुकै समयमा पदबाट हटाउन सक्नेछ।

**१३. देहायका योग्यता भएको ब्यक्ति समितिको पदाधिकारी एवंम् सदस्य पदमा नियुक्तिको लागि योग्य हुनेछ :**

क) नेपाली नागरिक

ख) २५ बर्ष पूरा भएको

ग) नैतिक पतन देखिने फौजदारी अभियोग कसुरदार ठहरी सजाय नभोगेको

**१४. पद रिक्त हुने :** देहायको अवस्थामा मनोनित सदस्यको पद रिक्त हुनेछ :

क) निजको मृत्यु भएमा,

ख) निजले राजिनामा दिएमा,

ग) विना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थित भएमा,

घ) फौजदारी अभियोग प्रमाणित भएमा,

ङ) कार्यपालिकाले पदबाट हटाउने निर्णय गरेमा,

**१५. राजीनामा :** सञ्चालक समितिका सदस्यले आफ्नो जिम्मेवारी पदबाट राजीनामा दिन चाहेमा निम्न अनुसार राजीनामा गर्न सक्नेछ।

क) सदस्यले अध्यक्ष समक्ष।

ख) सदस्यको राजीनामा अध्यक्षले स्वीकृत गर्नेछ।

**१६. नगर अस्पताल स्थापना तथा सञ्चालन प्रक्रिया :**

क) नगरपालिकाले नगर क्षेत्रभित्र अस्पताल स्थापना र सञ्चालन गर्नका लागि आवश्यक कानूनी प्रकृया पूरा गर्नेछ।

ख) नगर अस्पताल सञ्चालनको लागि आवश्यक पर्ने जनशक्ति नगरपालिकाले स्वीकृत गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार हुनेछ।

ग) नगर अस्पताल सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास, कर्मचारी व्यवस्थापन, स्रोत परिचालन लगायतका कार्य कार्यपालिकाको निर्णयबाट गरिनेछ।

घ) अस्पताल बाट प्रदान गरिने सेवा शुल्कहरु शिवराज नगरपालिकाको आर्थिक ऐनमा तोके बमोजिम हुनेछ।

**१७. आर्थिक व्यवस्थापन :**

क) अस्पतालबाट प्राप्त हुने सम्पूर्ण आम्दानी (दर्ता शुल्क, प्रयोगशाला सेवा शुल्क, एक्स-रे शुल्क, फार्मेसी सेवा शुल्क, बेड शुल्क तथा अन्य सेवा शुल्क) शिवराज नगरपालिकाको प्रचलित राजस्व खातामा जम्मा गरिनेछ।

ख) अस्पतालबाट संकलित राजस्व दैनिक वा बढीमा भोलिपल्ट नगरपालिकाको तोकिएको बैंक खातामा जम्मा गरी सोको विवरण राजस्व शाखामा पेश गर्नु पर्नेछ।

ग) अस्पताल सञ्चालनका लागि आवश्यक बजेट शिवराज नगरपालिकाको वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विनियोजन गरिनेछ।

घ) अस्पतालको आय-व्यय सम्बन्धी लेखा, आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण प्रचलित आर्थिक प्रशासन सम्बन्धी कानुन तथा शिवराज नगरपालिकाको आर्थिक कार्यविधि अनुसार हुनेछ।

ङ) अस्पताललाई नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदार वा अन्य निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम प्रचलित कानुन बमोजिम अभिलेख राखी खर्च गरिनेछ।

च) अस्पतालले संकलन गरेको राजस्व तथा प्राप्त अनुदानको विवरण मासिक रूपमा व्यवस्थापन समितिमा प्रस्तुत गर्नु पर्नेछ।

छ) अस्पतालको आर्थिक कारोबारमा पारदर्शिता, मितव्ययिता तथा जवाफदेहिता कायम गरिनेछ।

**१८. राजस्व व्यवस्थापन :**

क) अस्पतालबाट संकलित सम्पूर्ण राजस्व शिवराज नगरपालिकाको आन्तरिक आय (राजस्व) को रूपमा अभिलेख गरिनेछ।

ख) नगरपालिकाले आवश्यक ठानेमा विपन्न, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा लक्षित वर्गका लागि शुल्क छुट वा सहुलियत प्रदान गर्न सक्नेछ।

**१९. कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धि :**

**१९.१ प्रोत्साहन भत्ता प्राप्त गर्ने सूचकहरूः भत्ता प्राप्त गर्न कर्मचारीले निम्न सूचकहरू पूरा गरेको हुनु पर्नेछः**

क) **उपस्थिति र समयपालनः** अस्पतालमा उपस्थित भएको दिनको बायोमेट्रिक हाजिरीमा १००% उपस्थिति (उदाहरणको लागि तोकिएको सिफ्टमा अनिवार्य उपस्थिति।)

ख) **बिरामीको सन्तुष्टिः** बिरामीको गुनासो रहित सेवा (शून्य चिकित्सकीय लापरवाही)।

ग) **कार्यसम्पादनः** अस्पतालको आम्दानी वृद्धि, सरसफाइको स्तर र संक्रमण नियन्त्रणमा योगदान।

**१९.२ प्रोत्साहन भत्ताको वितरण दरः दफा १९.१ का सूचक पूरा गर्ने कर्मचारीलाई देहाय बमोजिमको दरमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछः**

**१) <u>रात्रिकालीन ड्युटी भत्ताः</u>**

क) लेखा र प्रशासन शाखामा कार्यरत कर्मचारी बाहेक आठौ तहका मेडिकल अधिकृतको हकमाः प्रति रात्रि रु. ८००/-

ख) अन्य स्वास्थ्यकर्मी तथा कर्मचारीको हकमाः प्रति रात्रि रु. ४००/-

**२) <u>जोखिम तथा प्रोत्साहन सेवा भत्ता (मासिक):</u>**

क) X-Ray शाखामा कार्यरत कर्मचारीलाई मात्रः रु. ५,०००/-

ख) प्रयोगशाला (Lab) मा कार्यरत कर्मचारीलाई मात्रः रु. ५,०००/-

ग) आकस्मिक कक्ष (Emergency) कार्यरत कर्मचारीलाई मात्रः रु.५,०००/-

**१९.३ अतिरिक्त तथा सार्वजनिक बिदाको ड्युटीः**

क) सार्वजनिक बिदाको दिन ड्यूटी गरे बापत निजको मासिक तलब स्केललाई ३० ले भाग गरी निस्कने दैनिक पारिश्रमिकका दरले काम गरेको दिनको गणना गरी भुक्तानी गरिनेछ।

ख) उपदफा (क) मा जुनसुकै कुरा लेखिएता पनि अतिरिक्त वा सार्वजनिक विदाको दिन (शनिबार र आइतबार समेत) ड्युटी गरेमा सो वापत सट्टा विदा लिने र सट्टा विदा नलिएको खण्डमा मात्र ड्यूटीको आधारमा दैनिक पारिश्रमिक भुक्तानी गरिनेछ।

**२०. सेवा व्यवस्थापन :**

क) अस्पतालमा प्रशासनिक कार्यालय, (ओ.पि.डी.), प्रयोगशाला, वार्डहरू, इमेजिङ कक्ष, सल्यक्रिया कक्ष, आकस्मिक कक्ष, फार्मेसी, क्यान्टिन, सोधपुछ (दर्ता कक्ष, प्रतिक्षालय लगायत प्रचलित मापदण्ड बमोजिम गुणस्तरीय सेवा प्रदान गर्नका लागि आवश्यक न्युनतम भौतिक पूर्वाधार, स्वास्थ्य उपकरण तथा जनशक्तिको व्यवस्थापन हुनुपर्नेछ।

ख) अस्पतालले बहिरंग विभागमा आउने विरामीको चापका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधि कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउने छ।

ग) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक या अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार र समय) खुल्ने गरी सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

घ) अस्पतालले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेवा सम्बन्धित विशेषज्ञ चिकित्सकबाट नै प्रदान गर्ने व्यवस्था मिलाउने छ।

ङ) बिरामीले आफुले सेवा लिन चाहेको विषयको चिकित्सकबाट सेवा लिन पाउने व्यवस्था सुनिश्चित गर्नेछ।

च) अस्पतालले चौबिसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिने व्यवस्था मिलाउने छ।

छ) बिरामी वा बिरामीको रेख देख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धति बारे स्पष्ट जानकारी दिने व्यवस्था हुनेछ।

ज) अस्पतालमा विश्व स्वास्थ्य संगठनले निर्धारण गरेका मापदण्ड बमोजिम संक्रमण रोकथाम र नियन्यणको व्यवस्था हुनेछ र सो को नियमित र प्रभावकारी अनुगमनको व्यवस्था हुनेछ।

झ) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सुरक्षाको लागि विभिन्न सरुवा रोग विरुद्धको व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनेछ।

ञ) अस्पतालले नेपाल सरकारबाट संचालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेको प्रोटोकल, मापदण्ड, निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनेछ।

ट) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवा प्रदायकका लागि शौचालय र हात धुने ठाउँको व्यवस्था हुनु पर्नेछ। शौचालय र हात धुने ठाउँमा नियमित रुपमा पानी र साबुन उपलब्धता गराउनु पर्नेछ।

ठ) अस्पतालबाट निष्कासन हुने सामान्य तथा स्वास्थ्य जन्य फोहोरमैला प्रकृति अनुसार स्रोतमै अलग-अलग छुट्याउने, संकलन, ढुवानी तथा उचित विसर्जन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

ड) अस्पताल परिसर तथा सेवा दिने कक्षहरू नियमित रुपमा सफा सुग्घर राख्नुपर्नेछ।

ढ) अस्पतालमा प्रयोग हुने एप्रोन, पन्जा, टोपी, जुत्ता, तन्ना, सिरानी, खोल, रुमाल जस्ता लुगा कपडा धुनका लागि वाशिंग मेसिनको व्यवस्था गर्नुपर्नेछ।

ण) अस्पताल हाताभित्र खाना पकाउने र खाना खाने अलग-अलग ठाऊ सहितको सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था गर्नुपर्नेछ।

त) अस्पतालमा बिरामी र अन्य व्यक्तिहरुका लागि चौबिसै घण्टा विश्व स्वास्थ्य संगठनले तोके अनुरुपको शुद्धपानी आपूर्ति हुनुपर्नेछ।

थ) अस्पताल क्षेत्रभित्र र सबै बिभागहरूमा चौबिसै घण्टा विद्युत आपूर्ति र अटोमेटिक ब्याकअप सिस्टमको व्यवस्था मिलाइएको हुनुपर्नेछ।

द) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु समयमा नै मर्मतको व्यवस्था हुनुपर्नेछ। साथै ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरू कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधी अनुसार मर्मत सम्भार कार्य योजना बनाई सोही अनुसार मर्मत गरिनेछ।

ध) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार कुरुवा कक्षको प्रबन्ध हुनुपर्नेछ।

न) आपतकालिन व्यवस्थामा प्रयोग हुने सामग्रीहरुको अलग्गै भण्डारण कक्ष हुनुपर्नेछ। यस्तो भण्डारण कक्षमा कम्तीमा एक महिनाको लागि पुग्ने अत्यावश्यक सामग्री मौज्दात राख्ने व्यवस्था हुनुपर्नेछ।

ऩ) अस्पतालमा सुरक्षा व्यवस्थाका लागि सुरक्षागार्डको व्यवस्था भएको हुनुपर्नेछ।

प) अस्पतालको सेवा तथा भौतिक संरचना जेष्ठ नागरिक, बालबबालिका र अपाङ्गता मैत्री हुनु पर्नेछ।

फ) अस्पतालमा व्हीलचेयर, ट्रली, स्टेचरको व्यवस्था गर्नुपर्नेछ र त्यस्ता सामाग्रीहरू सेवाग्राहीले सहज रुपमा देख्ने राख्ने प्रवन्ध मिलाउनु पर्नेछ।

ब) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय तथा बेवारिसे बिरामीका लागि कुल शय्याको १० प्रतिशत शय्या र सोमा हुने उपचार सेवा अनिवार्य रूपमा निःशुल्क उपलब्ध गराइनेछ। थप निःशुल्क उपचारको व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ।

भ) उपदफा (ब) बमोजिम उपलब्ध गराइएको उपचार सेवाको व्यवस्थित अभिलेख राखी नगर कार्यपालिकामा सोको प्रतिवेदन नियमित रूपमा उपलब्ध गराउनु पर्नेछ।

## २१. सूचना, अभिलेखीकरण, गुनासो व्यवस्थापन

### २१.१ अस्पताल सूचना प्रणाली:

क) अस्पतालबाट प्रदान गरिएका सेवा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू नियमानुसार अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

ख) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी सूचना नगरपालिका, प्रदेश तथा संघको सम्बन्धित निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनुपर्नेछ।

ग) अस्पतालबाट प्रदान भएका सेवा सुविधाहरूको अभिलेखीकरण तथा प्रतिवेदन स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार हुनेछ।

घ) बिरामीले स्वास्थ्य संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रक्रिया तथा अवधि समेत खुलाइएको नागरिक बडापत्र अस्पतालको अग्रभागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरूप सेवाहरू सुनिश्चितता गर्नुपर्नेछ।

ङ) एम्बुलेन्स, दमकल, प्रहरी जस्ता सेवा लगायतको आकस्मिक सेवाका टेलिफोन नम्बरहरू स्पष्ट देखिने गरी राख्नुपर्नेछ।

च) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यवस्था गरेको हुनुपर्नेछ।

छ) अस्पतालभित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोनको व्यवस्था साथै आवश्यक आधुनिक संयन्त्रको समुचित व्यवस्था गर्नुपर्नेछ।

ज) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाका बारेमा समय समयमा अस्पतालले जनचेतनामूलक अभियान सञ्चालन गरी जनसमुदायलाई जानकारी गराउनेछ।

झ) अस्पतालले स्वास्थ्य सम्बन्धी तथ्याङ्क नेपाल सरकारले निर्धारण गरे बमोजिम नियमित रुपमा स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीले तोके बमोजिम प्रेषण तथा डि.एच.आई.एस.टु मा प्रविष्ट गर्नुपर्नेछ।

ञ) अस्पताल वा स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्य सम्बन्धी व्यक्तिगत सूचना, कागजात, जानकारी, तथ्याङ्क तथा अभिलेखको गोपनीयताको सुनिश्चितता गर्नु अस्पताल तथा स्वास्थ्यकर्मीको जिम्मेवारी हुनेछ।

ट) सूचना सम्बन्धी सम्पूर्ण कृयाकलाप संचालन गर्ने तथा गुनासो सुन्नको लागि समितिको निर्णय बमोजिम एक जना सूचना अधिकारी तोक्नु पर्नेछ।

## २२. गुनासो व्यवस्थापन:

(१) अस्पतालले सबैले देख्ने ठाउँमा सुझाव तथा उजुरी पेटिका राख्ने र प्रत्येक हप्ता नियमित रुपमा खोल्ने व्यवस्था मिलाउनुपर्नेछ।

(२) अस्पतालले स्वास्थ्य सेवा सम्बन्धी गुनासो, उजुरी र सुझाव संकलन गर्ने र त्यसको सम्बोधनको लागि छुट्टै एक अधिकारी तोक्न सक्नेछ।

**२३. प्रेषण सम्बन्धी व्यवस्था:**

(१) उपचारको लागि आएको बिरामीलाई उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालले अस्पतालमा उपलब्ध भएको सेवा प्रदान गरी थप उपचारका लागि तुरुन्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ तर, अस्पतालमा उक्त सेवा, जनशक्ति र उपचार हुन सक्ने अवस्था हुँदा हुँदै प्रेषण गर्न पाइने छैन ।

(२) अस्पतालले प्रेषण गर्ने संस्थाहरूको पूर्व पहिचान गरी सो को अद्यावधिक सूची राख्नु पर्दछ ।

(३) उपदफा (२) बमोजिम प्रेषण गर्दा बिरामीको विवरण प्रेषण भएर जाने अस्पतालमा पहिले नै पठाउने व्यवस्था गर्नुपर्नेछ ।

(४) बिरामीलाई अन्य स्वास्थ्य संस्थामा प्रेषण गर्दा अस्पतालले पृष्ठपोषण उल्लेख गरी निर्दिष्ट प्रेषण सहित प्रेषण गरी विवरण अद्यावधिक गरीनुपर्नेछ ।

(५) प्रेषण गर्दा अस्पतालले प्रेषण मापदण्ड बमोजिमका न्यूनतम उपकरण र सेवा उपलब्ध गराउनुपर्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सेवाग्राहीको इच्छा बमोजिम निजलाई पायक पर्ने वा चाहेको स्वास्थ्य संस्थामा प्रेषण गर्न बाधा पुग्नेछैन ।

(७) प्रेषण सेवामा लाग्ने एम्बुलेन्स वा यातायात खर्च सम्बन्धी व्यवस्था नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(८) प्रेषण भएका बिरामीको स्वास्थ्य अवस्था हेरी अस्पतालले उपचारमा प्राथमिकीकरण गर्न सक्नेछ ।

(९) अस्पतालमा प्रेषण भइ आएका बिरामीलाई डिस्चार्ज गर्दा प्रेषण फिर्ता पुर्जा सहित डिस्चार्ज गरी सोको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम डिस्चार्ज गर्दा बिरामीलाई देहायका विवरणहरू उल्लेख गरी दिनु पर्नेछ ।

(क) बिरामीको परिचय-पत्र नं.

(ख) मुख्य समस्याहरू

(ग) भौतिक परीक्षण गर्दा प्राप्त रिपोर्टका सारांश

(घ) तत्काल गरिएको परीक्षणको सारांश

(ङ) उपचारको क्रममा भेटिएका तथ्य

(च) उपचारको क्रममा अपनाइएको प्रक्रिया

(छ) उपचारको क्रममा अस्पतालमा रहेको अवधि

(ज) गरिएको उपचारको विवरण

(झ) डिस्चार्ज हुँदाको अवस्था, सो समयमा दिइएको निर्देशन तथा डाइट, व्यायाम, उपचार पद्धति, औषधिको मात्रा, प्रक्रिया तथा अवधि

(ञ) पुनः आउनुपर्ने वा नपर्ने जानकारी

(ट) निदानात्मक जाँचहरूको रिपोर्टको सारांश

(ठ) अन्य आवश्यक कुराहरू

**२४. बाधा अड्काउ फुकाउ :**

क) नगर अस्पताल संचालनका क्रममा कुनै कानूनी समस्या भई काम गर्न बाधा अड्चन भएमा नगर अस्पताल सञ्चालन समितिले निर्णय गरी सो विषयमा नगर कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकतानुसार नगर कार्यपालिकाले यो कार्यविधि परिमार्जन गर्न सक्नेछ।

ख) नगर अस्पताल सञ्चालक समितिले यस कार्यविधिको अधिनमा रही आवश्यकतानुसार प्रक्रिया पूरा गरी विभिन्न निर्देशिका, मापदण्डहरू निर्माण गर्नसक्नेछ।

**२५. अभिलेख तथा प्रतिवेदन:** नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका सम्पूर्ण विवरणको व्यवस्थित अभिलेख राख्नु पर्नेछ। प्रत्येक वर्ष सम्पादित कार्यको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र अस्पताल निर्देशक मार्फत् नगरपालिकामा पेश गर्नुपर्नेछ।

**२६. व्याख्या गर्ने अधिकार :** यस कार्यविधिमा उल्लेखित कुनै प्रावधानको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ।

**२७. प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम र यसमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

**२८. खारेजी र बचाउ :**

माथि उल्लेख भए बमोजिमका यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ। प्रचलित संघीय तथा प्रादेशिक कानूनसंग बाझिएका हदसम्म खारेज हुनेछ।

*प्रमाणिकरण मितिः २०८३/०४/१४*

**आज्ञाले,**
**पिताम्बर पाण्डे**
**प्रमुख प्रशासकीय अधिकृत**